# 'प्रभावकारी व्यवस्थापन नहुँदा औषधी अभाव'

अन्नपूर्ण समाचारदाता

**काठमाडौं,** १६ माघ : सुगम क्षेत्रमा स्वदेशी औषधि उत्पादन र वितरणमा प्रतिस्पर्धा बढे पनि दुर्गम क्षेत्रमा सधैं औषधिको अभाव हुने गरेको छ।

देशका दुर्गम क्षेत्रमा निजी र सरकारी दुवै तहबाट औषधि वितरण तथा व्यवस्थापन गर्न नसक्दा अभाव कम गर्न नसकिएको सम्बद्ध अधिकारीहरूले बताएका छन्। औषधि नहुँदा ती क्षेत्रमा प्राथमिक उपचार गर्नसमेत समस्या पर्ने गरेको छ।

स्वदेशी औषधि उत्पादक देउराली जनता फर्मास्युटिकल्स प्रालिले १५ वर्ष पूरा गरेको अवसरमा आइतबार राजधानीमा आयोजित कार्यक्रममा औषधि उत्पादकहरूले सरकारले आफूहरूलाई आवश्यक सहयोग नगरेको आरोपसमेत लगाए। सरकारी प्रेरणा र सहुलियत पाए आफूहरू ७५ वटै जिल्लाका ग्रामीण क्षेत्रमा औषधि पुऱ्याउने प्रतिबद्धतासमेत उनीहरूले व्यक्त गरेका छन्।

सरकारी प्रोत्साहन र सहुलियतको कमी, विदेशबाट अनियन्त्रित रूपमा आयात हुने गुणस्तरहीन औषधिसँग चर्को प्रतिस्पर्धा र उपयुक्त नीतिका अभावमा स्वदेशी औषधि उत्पादकले समस्या भोग्नुपरेको गुनासो व्यवसायीहरूले गरेका छन्।

विदेशबाट कम मूल्यमा आयात हुने गुणस्तरहीन औषधि प्रतिबन्ध गरी स्वदेशी कम्पनीलाई व्यवस्थित गर्न सके उ%चगुणस्तरीय औषधि निर्यातको सम्भावना रहेको जानकारी कार्यक्रममा दिइयो। सोही अवसरमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. शंकर शर्माले स्वदेशीविदेशी बजारमा नेपाली उत्पादनको पकड कायम गर्न प्रतिस्पर्धात्मक क्षमताका साथै उपयुक्त मूल्य आवश्यक हुने बताउनुभयो। उच्च आर्थिक वृद्धि हासिल गरिसकेका छिमेकी मुलुक चीन र भारतसँग प्रतिस्पर्धा गरी निर्यात प्रवर्द्धन गर्ने चुनौतीको सामना स्वदेशी कम्पनीले गर्न सक्नुपर्ने उहाँको धनाइ थियो।

तस्वीरः अन्नपूर्ण




**देउराली जनता फर्मास्युटिकल्स प्रालिले पन्ध्र वर्ष पूरा गरेको अवसरमा आइतबार राजधानीमा आयोजित कार्यक्रमका सहभागीहरू।**

सरकारले खुला सीमाबाट आयात हुने न्यून गुणस्तर र मूल्यका औषधि नियन्त्रणमा पहल गरिरहेको जानकारी उहाँले दिनुभयो।

औषधि व्यवस्था विभागका निर्देशक भूपेन्द्रबहादुर थापाले औषधि ऐन लागु गरेरमात्र सबै समस्याका समाधान गर्न नसकिने उल्लेख गर्दै न्यून गुणस्तर आयात र खपतमा नियन्त्रण गर्न प्रयोगकर्ता, उत्पादक र सरकारसमेत चनाखो हुनुपर्ने सुझाव दिनुभयो।

स्वदेशी माग पूरा गरी निर्यात प्रवर्द्धन गर्न उत्पादन विविधीकरणमा जोड दिइएको छ। खुला सीमाबाट अनियन्त्रित रूपमा आयात हुने अतिकम गुणस्तरका औषधिको पहिचान गरी त्यस्तालाई प्रतिबन्ध गर्ने काम द्रुतगतिमा भइरहेको समेत उहाँले जानकारी दिनुभयो।

पूर्वस्वास्थ्य राज्यमन्त्री डा.वंशीधर मिश्रले निजी क्षेत्रको प्रवर्द्धनका लागि राज्यले उपयुक्त संयन्त्रण निर्माणमा पहल गर्नुपर्ने बताउनुभयो।

स्वास्थ्य क्षेत्रमा रहेको न्यूनतालाई कम गर्न उद्यमीको हौसला र क्षमता वृद्धिमा उहाँले जोड दिनुभयो।

व्यवसायीहरूका अनुसार हाल कुल अत्यावश्यकीय औषधिको मागमध्ये ४३ प्रतिशत हिस्सा मात्र स्वदेशी उत्पादनले पूरा गर्न सकेको छ।

यसमा वृद्धिगरी कुल मागमध्ये करिब ८० प्रतिशत औषधि स्वदेशमै उत्पादन गर्ने लक्ष्य लिइएको छ।